माननीय सभाध्यक्ष ज्यू,

उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,

गौरादह नगरपालिकाको २०७५/०३/२४ मा उद्घाटित नगरसभाको २०७५/०३/२५ को बैठकमा उप-प्रमुख गिता भेटवालबाट प्रस्तुत गौरादह नगरपालिकाको आ.व. २०७५/०७६ को आय व्ययको अनुमानित बजेटमा छलफलका क्रममा सहभागी सदस्यज्यूहरु मध्ये माननीय सभा सदस्य अमरदास सिवाकोटी, कोमल प्रसाद ढुंगाना,कपिलमणि काफ्ले, दिनेश पोखरेल,उत्तम कुमार बस्नेत समेतबाट प्रस्तुत बजेट पुनः कार्यपालिकामा पुनर्विचार गरी दिएका सुझावलाई समेत मध्यनजर गरी कार्यपालिकाबाट परिमार्जन गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दंफा ७१ को उपदफा ४ र ५ अनुसार आउन दिएको सुझाव सभाले स्वीकृत गरी कार्यपालिकाको बैठकले आ.व. २०७५/०७६ को लागि परिमार्जन सहित तयार गरिएको आ.व. २०७५/०७६ को बजेट पेश गर्ने माननीय सभाध्यक्ष सदस्यज्यूबाट दिईएको अनुमति अनुसार बजेट पेश गर्दैछु

नगरसभाबाट प्रस्तुत सुझावमा निम्न लिखित कामहरुलाई यस वर्ष सम्बोधन गरी नीतिगत रुपमा कार्यन्वयन गर्ने सुरु गरिएको र बाँकी गरिनेछ

- नगर गुरुयोजनाको डि.पि.आर. परामर्श दाता छनौट भै काम भइरहेकोछ
- नगर चक्रपथ गुरुयोजना परामर्श ठेक्का भैसकेको र यस वर्ष विनियोजित रकमबाट गुरुयोजना प्राप्त भएपछि सुरु गरि आगामी ४ वर्ष भित्र पुरा गरिनेछ
- नगर प्रोफाइल ६ महिना सम्ममा तयार गर्ने आवश्यक बजेटको व्यवस्था गरीएकोछ
- मानव सूचांकका आधारमा आगामी ४ वर्ष भित्र फुसका छाना भएका लक्षित समूहलाई टिनका छाना भित्र राख्न कम्तिमा २०० घरपरिवारलाई पुर्याउनेगरी यो वर्ष रु. ३० लाख बजेटको व्यवस्था गरिएकोछ

- नगरका पर्यटकीय विकास केन्द्रहरुको योजना बनाउने र गुरुयोजना बनाउने परामर्श सेवा खर्चलाई बजेटको व्यवस्था गरिएकोछ
- कर प्रणालीलाई बैज्ञानिक ढंगले व्यबस्थापन गरी सम्पति कर,जग्गा करलाई व्यवहारिक बनाई लागु गरिनेछ
- घर नक्सा पास नीतिलाई सरलीकृत गरिनेछ
- पुराना घरहरुलाई अभिलेखीकरण गर्न सरल नीति बनाई निश्चित समयभित्र अभिलेखीकरणमा आउनेलाई ५०% दस्तुर छुटको व्यवस्था गरिनेछ
- स्वास्थ्यको पहुँचबाट टाढा रहेका परिवारहरुको पहिचान गरी स्वास्थ्य बिमा गराउने कार्यक्रम स्वास्थ्य शाखाको बजेट बर्गिकरणमा समावेश गरी सबै समूहमा पुर्याइनेछ
- नविकरण उर्जा कार्यक्रमलाई लक्षित वर्गमा पुर्याई आगामी ४ वर्षभित्र टुकीरहित वस्ती बनाईनेछ
- नगरसभा सदस्यको सुविधालाई मासिक ३ हजार थपगरी ६ हजार बनाईने गरी बजेटको व्यवस्था गरिएकोछ
- वडामा रहेका मेलमिलाप केन्द्रलाई न्यायिक कोषबाट आवश्यक रकमको व्यवस्था गरिनेछ
- उत्तर दक्षिण लोकमार्गको गौरादह बसपार्ककोलागि यसै वर्ष जग्गा प्राप्त गर्ने र आगामी वर्षदेखि निर्माण गर्ने योजना बनाईनेछ र मध्यावधी नगरसभामा पेश गरिनेछ
- नगरका प्रमुख योजनाहरु सडक,पुल,सामुदायिक भवनहरुलाई ४ वर्ष भित्रमा पूर्णता दिने कार्यक्रम बनाई मध्यावधी नगरसभामा पेश गरिनेछ
- गौरादह न.पा. भित्रबाट सम्पादन गरिने कामको सुचनाको प्रवाह गौरादह न.पा. को वेव साइटमा र गौरादह नगरपालिकाको अप्समा समावेश गरिनेछ
- सामाजिक सुरक्षा भत्ता बैंकिक प्रणालीमा लान बैंकहरुसंग समन्वय गरी कार्यन्वयन गरिनेछ
- सेवाग्राहीहरुको हितलाई ध्यानमा राखी नगरपालिका भित्र दैनिक कार्यव्यबस्थापनको लागि टोकन प्रणाली लागु गरिनेछ
- राजस्व,कर र दस्तुरहरु कम्प्युटर प्रणालीबाट बिलिंगको सुरुवात गरिनेछ

- न.पा. लाई आवश्यक जनशक्तिको परिपूर्तिको लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ
- नगरपालिका,वडा कार्यालय,विषयगत शाखा,विद्यालय र स्वास्थ्य शाखामा इ-हाजिरी राखिनेछ
- आ.व. २०७५/०७६ मा उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरुमा जनसहभागिता बापतको रकम विनियोजित रकमको ५% रकम उपभोक्ता समितिको खातामा जम्मा गरी योजना सम्झौता गरिनेछ
- आ.व.२०७५/०७६ को गौरादह नगरपालिकाको दररेट नगरकार्यपालिकाको बैठकले स्वीकृत गरे बमोजिम हुनेछ
- आ.व.२०७५/०७६ मा गौरादह नगरपालिकाबाट विनियोजित रकम पाँच लाख माथिको योजनाहरु नगरपालिकाले ठेक्का प्रक्रियाबाट संचालन गरिनेछ
- गौरादहको पहिचान एवम गौरवको पर्यटकीय क्षेत्रको रुपमा रहेको करिव १२ बिघाको पोखरीलाई नगरपालिका,प्रदेश सरकार, संघीय सरकार लगायत स्वदेशी तथा विदेशी दात्र संघसंस्थासंग समन्वय गरी विशेष योजनाका साथ कार्य गर्नका लागि "गौरादह पोखरी पर्यटकीय संरक्षण तथा विकास समिति" गठन गरिनेछ
- साविक महारानीझोडा हाल गौरादह न.पा. वार्ड नं. ४ र ५ को जग्गा नापी समस्यालाई सम्बन्धित निकायसंग छलफल गरी हल गरिनेछ

माथि उल्लेखित विषयहरु समावेश गरी आ.व. २०७५/०७६ को परिमार्जित बजेट पेश गर्दछु

प्रस्तुत कर्ता

सिताराम भट्टराई

नगरसभा सदस्य

गौरादह नगरपालिका